नेपाल सरकार

# ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

# विद्युत विकास विभाग

( अनुमतिपत्र महाशाखा )

फोन नं.: ४५३४११९, ४५११५३७, ४५१९५०१, ४५३९३६२

फ्याक्स: ४५३९९०३

पोष्ट बक्स नं.: २५००७

सानो गौचरण, काठमाडौं, नेपाल

मितिः २०८२/०४/१२

पत्र संख्या :- (अनुमतिपत्र) ०८२/८३

चलानी नं.:- 66

**विषयः विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्र सम्बन्धमा ।**

श्री प्रभु हाईड्रो डेभलपमेन्ट फण्ड प्रा. लि.
तिनकुने, काठमाडौं
फोन नं.: ०१-५९१५१८६, ९८४१९८२०८१

उपरोक्त सम्वन्धमा त्यस कम्पनीले काउले खोला जलविद्युत आयोजनाको सर्वेक्षण अनुमतिपत्र पाउन दरखास्त दिनुभएकोमा तपसिलमा उल्लेखित विवरण/कागजातहरू पेश हुन बाँकी देखिएकोले बुँदा नं. १ मा उल्लेखित सहमति विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धी निर्देशिका २०७५ (पाँचौ संशोधन समेत) को दफा १२ को उपदफा ५ बमोजिम ६ (छ) महिनाभित्र पेश गर्न र उक्त सहमति सो समयभित्र पेश नभएमा सोही उपदफा बमोजिंम प्रस्तुत दरखास्त रद्ध हुने साथै बाँकी अन्य विवरण/कागजातहरू विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धी निर्देशिका, २०७५ (पाँचौ संशोधन समेत) को दफा १० को उपदफा (३) को व्यवस्था बमोजिम निम्न विवरणहरू पैतिस (३५) दिनको समयावधि भित्र गर्नुहुन मिति २०८२/०४/०९ को विभागीय निर्णयानुसार अनुरोध छ ।

१. प्रस्तावित क्षेत्र गौरीशंकर संरक्षण क्षेत्रमा पर्ने देखिएकोले वन तथा वातावरण मन्त्रालयको सहमति,
२. प्रबर्द्धक कम्पनीको कम्पनि दर्ता, प्यान दर्ता, आ. व. २०८०/८१ को करचुक्ता प्रमाणपत्र, प्रबन्धपत्र र नियमावलीको नोटराईज प्रतिलिपि,
३. प्रबर्द्धक कम्पनीको शेयर दर्ता किताबको नोटराईज प्रतिलिपि,
४. प्रबर्द्धक कम्पनि अध्यावधिक रहेको सम्बन्धमा कम्पनि रजिस्ट्रारको कार्यालयबाट जारी भएको पत्रको नोटराईज प्रतिलिपि,
५. प्रबर्द्धक कम्पनीको आ. व. २०८०/८१ को लेखापरीक्षण प्रतिवेदन,
६. विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धी निर्देशिका, २०७५ (पाचौ संशोधन समेत) को दफा ८ बमोजिमको आर्थिक क्षमता पुष्टी हुने गरी UDIN No समेत खुलेको नेट वर्थ प्रमाणपत्र र उक्त नेट वर्थ पुष्टि हुने कागजात/विवरणहरू,
७. नेट वर्थ तयार गर्ने सि.ए संस्थाको संस्था दर्ता, स्थायी लेखा नम्बर दर्ता, कर चुक्ता र नवीकरण गरिएको निस्साको नोटराइज प्रतिलिपि,
८. परामर्शदाताको संस्था दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर, आ. व. २०८०/८१ को करचुक्ता प्रमाणपत्र, प्रबन्धपत्र र नियमावली को नोटराईज प्रतिलिपि,
९. परामर्शदाता संग भएको सम्झौता पत्र,
१०. संचालक समितिको निर्णय सहित अख्तियारनामा, प्रबर्द्धक कम्पनीको पत्राचार गर्ने स्पष्ट ठेगाना (पोष्ट बक्स नं. इमेल) र अख्तियारी प्राप्त व्यक्तिको प्रमाणित परिचय पत्र एवं सम्पर्क नं.।

(शंकर बहादुर साउद)
इन्जिनियर

**बोधार्थ :**

१. श्रीमान् महानिर्देशकज्यू, विद्युत विकास विभाग।